## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

### खण्ड ८, संख्याः १०, कार्तिक २७ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग २

## गर्भवती महिला पोषण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।७।२६

व्यास नगरपालिकाको गर्भवती महिला पोषण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेकोछ :

१. कार्यविधिको दफा ४ पछि (क) थप "लक्षित समूहका महिलाहरु मध्येबाट ८ महिनाको गर्भ जाँच गराउनु अगाडि नै सुत्केरी भएमा सुत्केरी भएको प्रमाण (अस्पताल वा वर्थिङ सेन्टरको डिस्चार्ज पूर्जी र वर्थ सर्टिफिकेट) पेश गरेमा गर्भवती पोषण रकम प्रदान गरिनेछ"।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत